## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ३ -२०८३/०८४

मिति २०८३/०५/१० समय: बिहान ११:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री प्रधुब्न कुमार खड्का | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

| | |
|---|---|
| श्री गोविन्द प्रसाद पौडेल | सहायक प्रशासकीय अधिकृत |
| जीवन गुरुङ | जिन्सी शाखा प्रमुख |
| रिम बहादुर गुरुङ | कार्यालय सहयोगी |

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मितिः २०८३/०५/१०                                                                                    वैठक संख्या: ०३-२०८३/०८४

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा।
२. वनजन्य पैदावार(काठ/दाउरा) सिलबन्दी दरभाउपत्रको मूयाङ्कन अनुमोदन गरी संझौताका लागि स्वीकृति गर्ने सम्बन्धमा।
३. घर अभिलेखीकरण सम्बन्धमा।
४. सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने सम्बन्धमा।
५. विपद् व्यवस्थापन कार्यमा खटिने सुरक्षा निकायलाई ईन्धन उपलब्ध गराउने सम्बन्धमा।
६. बालमैत्री स्थानीय शासन गाउँ समिति गठन सम्बन्धमा।
७. प्रत्येक वडामा बालमैत्री सम्पर्क व्यक्ति व्यवस्थापन सम्बन्धमा।
८. बालमैत्री स्थानीय शासन वडा घोषणा छनौट सम्बन्धमा।
९. उद्योग, व्यवसाय र संघ-संस्था दर्ता तथा नवीकरण सम्बन्धमा।
१०. ईन्भर्टर खरीद सम्बन्धमा।
११. विपद् व्यवस्थापन कोषबाट कार्य संचालन गर्ने सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा गत गाउँ कार्यपालिका बैठकका विविध विषयमा छलफल एवम् समीक्षा गरियो।

**निर्णय नं. २:** देवघाट गाउँपालिका आ.व. २०८३/०८४ ठेक्का नं. १ (लट नं. १, २ र ३) को वन पैदावर शिलबन्दी दरभाउपत्रको प्रस्तावहरु माथि परेका प्रस्तावहरुको मूल्यांकन समितिबाट मूल्यांकन भई पेश हुन आएका मूल्यांकन समितिको निर्णय अनुमोदन गरी सम्झौताका लागि स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३:** प्रस्ताव नं.३ माथि छलफल गर्दा देवघाट गाउँपालिकाको क्षेत्र अन्तर्गत निर्माण भएका घर तथा भवनको अभिलेखीकरण देहाय बमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो।

क) मिति २०८२ जेष्ठ २२ गते भन्दा अगाडि देवघाट गाउँपालिकामा नक्सापासको प्रक्रिया शुरु गरेको तर विविध कारणवस नक्सपासको प्रक्रिया नियमित नभएका घर, टहरा, उद्योग तथा कलकारखानाका संरचना भवन संहिता बमोजिम बनेको छ भने प्राविधिकबाट प्रमाणीकरण भई आएका त्यस्ता घरहरुको हकमा नक्सापासको लागि लाग्ने राजस्व दस्तुर लिई घर नियमित प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो।

ख) मिति २०८२ जेष्ठ २२ गते भन्दा अगाडि निर्माण भएमा सडक मापदण्ड पुरा गरेका घरहरुको एक पटकको लागि अभिलेखीकरण गर्ने निर्णय गरियो।

तिल बहादुर थापा

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७४

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवघाट गाउँपालिका अन्तर्गत रहेका सरकारी तथा सार्वजनिक जग्गाहरु वडा स्तरबाट पहिचान गरी त्यस्ता सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण भए, नभएको यकीन गरी त्यस्ता जग्गाको संरक्षण गर्ने, गराउने र सो को प्रतिवेदन गाउँपालिकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा देवघाट गाउँपालिका क्षेत्रभित्र विपद् व्यवस्थापन कार्यका लागि खटिने सुरक्षा निकायलाई देहाय बमोजिमको मासिक रुपमा (नबढ्ने गरी) ईन्धन उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

क) इलाका प्रहरी कार्यालय, देवघाट – ३० लि.

ख) इलाका प्रहरी कार्यालय, साराङघाट – १० लि.

ग) अस्थायी प्रहरी चौकी, खाल्टे – १० लि.

निर्णय नं. ६: प्रस्ताव नं. ६ माथि छलफल गर्दा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को परिच्छेद ६ को दफा १६ बमोजिम देहाय बमोजिम बालमैत्री स्थानीय शासन गाउँ समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | कार्यालय/पद | पद | नाम, थर | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँपालिका/अध्यक्ष | अध्यक्ष | श्री तिल बहादुर थापा | |
| २ | उपाध्यक्ष | उपाध्यक्ष | श्री भुवन सिं गुरुङ | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | श्री प्रधुब्न कुमार खड्का | |
| ४ | वडा अध्यक्षहरु (सबै) | सदस्य | श्री मनिराज गुरुङ<br>श्री मीन बहादुर राना<br>श्री टेक बहादुर आले<br>श्री मित्र लाल गुरुङ<br>श्री पूर्ण बहादुर कुँवर | |
| ५ | कार्यपालिका सदस्य सबै | सदस्य | श्री बालकुमारी परियार<br>श्री यम माया गुरुङ<br>श्री हुममाया खान<br>श्री मन माया वि.क.<br>श्री बाबुराम परियार<br>श्री गंगा सिं वि.क. | |
| ६ | शाखा प्रमुख (शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाई, गैससं समन्वय) | सदस्य | श्री प्रदिप कुमार बुढाथोकी<br>श्री कृष्ण राज पन्त<br>श्री ध्रुब प्रसाद चापागाई<br>श्री सुकुमाया थापा | |
| ७ | महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय गैर सरकारी संघसंस्था मध्यबाट अध्यक्षले मनोनयन गरेको एक जना महिला सहित २ जना | सदस्य | श्री सृजना परियार<br>श्री सुक लाल गुरुङ | |

तिल बहादुर थापा

| | | | | |
|---|---|---|---|---|
| ८ | विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरु मध्यबाट अध्यक्षले मनोनयन गरेको १/१ जना प्रतिनिधि | सदस्य | श्री हिमाल आले मगर<br>श्री यम बहादुर मगर | |
| ९ | गाउँपालिका अन्तर्गत विद्यालयमा कार्यरत महिला शिक्षक र महिला स्वास्थ्य स्वयं सेविका मध्यबाट अध्यक्षले मनोनयन गरेको १/१ जना प्रतिनिधि | सदस्य | श्री चन्द्र कला दाहाल<br>श्री बिमला बोटे | |
| १० | गाउँपालिका स्तरीय बाल सञ्जालका अध्यक्ष सहित २ जना (एक जना बालिका) | सदस्य | श्री चेत बहादुर गुरुङ<br>श्री निशा पौडेल | |
| ११ | महिला तथा बालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्य अध्यक्षले तोकेको महिला प्रतिनिधि | सदस्य | श्री इन्द्रा माया थापा मगर | |
| १२ | स्थानीय प्रहरी कार्यालय प्रमुख | सदस्य | ई.प्र.का. प्रमुख | |
| १३ | सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव | श्री होम नाथ लामिछाने | |

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ माथि छलफल गर्दा बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयन, सहजीकरण तथा सूचना तथा तथ्याङ्क सङ्कलनमा समन्वय र सहजीकरण लगायत कार्यका लागि प्रत्येक वडामा कार्यरत वडा सचिवलाई वडा बालमैत्री सम्पर्क व्यक्ति तोक्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं.८:** प्रस्ताव नं. ८ माथि छलफल गर्दा बालमैत्री वडा घोषणाका लागि वडा नं. १ र ५ लाई छनौट गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९:** प्रस्ताव नं. ९ माथि छलफल गर्दा देवघाट गाँउपालिकामा यस पूर्व दर्ता भएका र हालसम्म दर्ता हुन छुट गएका उद्योग, व्यवसाय र संघ-संस्थाहरु दर्ता गर्दा सम्पत्ति कर नतिरीकन, दर्ता गर्ने कार्य भएकोले हाललाई उक्त दर्ता भएका उद्योग, व्यवसाय र संघ-संस्थाहरु नवीकरण गर्दा पहिले संरचनाको नापजाँच गरी आर्थिक ऐन बमोजिमको सम्पत्ति करले संरचनाको अभिलेखिकरण र नक्शापास दस्तुरमा घटाउने गरी हाललाई संरचनाको सम्पत्ति कर लिएए उद्योग, व्यवसाय र संघ-संस्था नवीकरण र नयाँ दर्ता गरिदिने निर्णय पारित गरियो।

**निर्णय नं. १०:** प्रस्ताव नं. १० माथि छलफल गर्दा देवघाट गाउँपालिका वडा नं. २ को वडा कार्यालयमा ईन्भर्टरमा समस्या आएकोले ईन्भर्टर खरीद गरी जडान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ११:** प्रस्ताव नं. ११ माथि छलफल गर्दा मिति २०८३/०४/२८ र २९ गते परेको अविरल वर्षाका कारण क्षति पुगेका देहायका विषयमा विपद व्यवस्थापन कोषबाट रकम खर्च गर्ने गरी कार्य संचालन गर्ने सर्वसम्मत निर्णय गरियो।

क) देवघाट-०२, आमडाँडा देखि मास्दी झोलुङ्गे पुल सम्मको पहिरो सफा गर्ने कार्य सुचारु गर्ने।

ख) देवघाट-०२, डिहिभञ्ज्याङ्ग टोल अन्तर्गत घरादी लिफ्टिङ्ग खानेपानी योजनाको पहिरोबाट क्षति भएका २०० वाटका ३ वटा सोलार प्यानल खरीद गरी जडान गर्ने।

ग) देवघाट-०२, छेरङ्गा टोल लिन्दी खोला खानेपानी योजना पहिरोले खानेपानी पाइपमा क्षति पुगेको हुनाले पाइप खरिद गरी जडान गर्ने।